सानिमा जनरल इन्स्योरेन्स लि.
**Sanima General Insurance Ltd.**

City Express Complex, Kamaladi,
Kathmandu | P.O. Box: 1622
Phone Number: +977-1-4427101/170/171/172
Fax No. : +977-1-4427103
E: sanima@sanimageneral.com
W: www.sanimageneral.com

च. नं. २७३२/०७८/०७९

मिति : २०७९।०२।२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषय : विशेष साधारण सभा तथा शेयर दाखिला खारेज बन्द (Book Close) सम्बन्धमा ।**

महाशय,

यस सानिमा जनरल इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०७९।०२।२९ गते बसेको १०४ औं बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने निर्णय भएको ब्यहोरा तहाँ कार्यालय समक्ष जानकारीको लागि अनुरोध छ । साथै उक्त साधारण सभा बस्ने प्रयोजनार्थ मिति २०७९।०३।०८ गते शेयर दाखिला खारेज बन्द हुने ब्यहोरा समेत अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ साल आषाढ १५ गते (तद्नुसार २९ जुन, २०२२) बुधबार ।
समय : विहान १०:०० बजे ।
स्थान : धुम्र बराह पार्टी प्यालेस एण्ड रेष्टुरेन्ट, धुम्वाराही, काठमाण्डौ ।

शेयरधनी तथा सर्वसाधारणहरुको जानकारीको लागि उक्त साधारण सभा सम्बन्धी सूचना मिति २०७९।०२।३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरीनेछ तथा कम्पनीको वेभसाइट www.sanimageneral.com मा समेत राखिएको ब्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

भवदीय

सानिमा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

सुबोध लाल श्रेष्ठ
कम्पनी सचिव

**संलग्न कागजात :**

(१) विशेष साधारण सभाको सूचना ।

# सानिमा जनरल इन्स्योरेन्स लिमिटेडको
# विशेष साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा जनरल इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०७९।०२।२९ गते बसेको १०४ औं बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ साल आषाढ १५ गते (तद्नुसार २९ जुन, २०२२) बुधबार ।
समय : विहान १०:०० बजे ।
स्थान : धुम्र बराह पार्टी प्यालेस एण्ड रेष्टुरेन्ट, धुम्वाराही, काठमाण्डौ ।

**छलफलका विषयहरु:**

**(क) विशेष प्रस्ताव :**

(१) यस कम्पनीले भविष्यमा कुनै निर्जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी निर्णय गर्न तथा तत् सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पत्ति र दायित्व मुल्याङ्कन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायतका मर्जर सम्बन्धी सम्पूर्ण अन्य आवश्यक प्रक्रिया पूरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ख) विविध :**

सानिमा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. यस साधारण सभामा भाग लिने प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०७९।०३।०८ गते शेयर दर्ता किताव बन्द गरिनेछ । उक्त मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोवार गरी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि. को शेयर अभिलेखमा दर्ता भएका शेयरधनीहरु साधारण सभामा भाग लिन योग्य मानिनेछन् ।

२. सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र वा हितग्राही खाता खोलिएको कागजात साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाण्डौमा दर्ता गरि सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ । प्रोक्सी फाराम यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ ।

४. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सबै भन्दा पहिले प्राप्त भएको हो माथि (३) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

५. नाबालक शेयरधनीको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछ ।

६. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा हाजिरी गर्नु पर्नेछ ।

७. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग मिल्नु पर्नेछ ।

८. कुनै शेयरधनी महानुभावले साधारण सभामा आफ्नो मन्तब्य राख्न चाहेमा सभा हुनु भन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।

९. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाण्डौमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

सानिमा जनरल इन्स्योरेन्स लि.
केन्द्रीय कार्यालय
काठमाडौं